**संक्षिप्त प्रतिवेदनः**

**मइ देखी ६ अगष्ट २०२२ सम्म**

गैरआवासीय नेपाली संघले आफ्नो सुरुको अभियान देखी नै उठाउँदै आएको मुल मुद्दा गैरआवासीय नेपालि नागरिकत वैदेशिक रोजगार, सामाजिक सुरक्षा लगायतका विषयहरुमा नेपाल सरकार तथा सरोकारवालाहरु संग पैरवी गर्दै आएको छ । यसै सन्दर्भमा प्रतिनिधि सभा र राष्ट्रिय सभामा नागरिकता विधेयक प्रस्ताव हुने समयमा हामीले एक सेमिनार आयोजना गर्नुका साथै नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, राष्ट्रिय सभाका अध्यक्षज्यू, नेकपा एमाले अध्यक्ष, नेकपा माओवादी केन्द्रका अध्यक्ष, नेकपा समाजवादीका अध्यक्ष, लगायत विभिन्न पार्टीका शिर्ष नेताज्यूहरु, नेपाल सकारका मन्त्रीज्यूहरु, मुख्य सचिव, सचिवज्यूहरु लगायत सरोकारवालाहरु संग भेटघाट भएको थियो । यसै सन्दर्भमा नागरिकता विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भई प्रमाणीकरणको लागि सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भईसकेको र उक्त विधेयक चाडै नै प्रमाणिकरण हुनेमा हामी विश्वस्त रहेका छौ । यस लगायत भेटघाटमा सामाजिक सुरक्षाकोष, लगानी, वैदेशिक रोजगार लगायत विषयमा पनि व्यापक छलफल गरिएको थियो ।

भेटघाट सम्बन्धी संक्षिप्त बुँदाहरु

- ९ मई २०२२ का दिन उद्योग सचिव डा गणेश प्रसाद पाण्डेय संग भेट घाट । मुख्यतया गैरआवासीय नेपालीहरुको लगानीका साथै एनआरएन नेपाल डेभलपमेण्ट फण्ड नेपालद्वार गरिने लगानीका विषय र लगानीमा देखिएका कानुनी जटिलतालाई सहजी गरिदिने सम्बन्धमा छलफल । उक्त छलफलमा उद्योग मन्त्रालयका सहसचिव नारायण प्रसाद शर्मा दुवाडी र एनआरएन नेपाल डेभलपमेण्टका सिइओ अनल राज भट्टराईको उपस्थिति ।
- ११ मई २०२२ का दिन नेपाल राष्ट्र बैंकका प्रतिनिधिहरु वीच अनलाइन बैठकमा सहभागीत । मुख्यतया वैदेशिक रोजगार बचतपत्र सम्बन्धमा छलफल ।
- ११ मई २०२२ का दिन त्रिवि लायन्स रक्त संचार अनुसन्धानका प्रतिनिधिहरु संग बैठक । मुख्यतया रक्त संचार क्षेत्रमा सहकार्य गर्ने सम्बन्धमा छलफल ।
- ३१ मई २०२२ का दिन स्वीडेन भ्रमण ।
- ११ जुन २०२२ का दिन प्रतिनिधि मंडल सहित सम्माननीय प्रधानमन्त्री शेरवहादुर देउवा संग भेटघाट मुख्यतया सेमिनार बारे जानकारीका साथै गैरआवासीय नेपाली नागरिकता, प्रवासमा रहेका नेपालीहरुको मतदान, लगानी, वैदेशिक रोजगार लगायतका विषय छलफल ।
- १२ जुन २०२२ का दिन प्रतिनिधि मंडल सहित माननीय परराष्ट्र मन्त्री डा नारायण खड्का संग भेट घाट । मुख्यतया सेमिनार बारे जानकारीका साथै गैरआवासीय नेपाली नागरिकता, प्रवासमा रहेका नेपालीहरुको मतदान, लगानी, वैदेशिक रोजगार लगायतका विषय छलफल ।
- १२ जुन २०२२ का दिन प्रतिनिधि मंडल सहित माननीय कानुन मन्त्री गोविन्द शर्मा संग भेट घाट । मुख्यतया सेमिनार बारे जानकारी, गैरआवासीय नेपाली नागरिकता, प्रवासमा रहेका नेपालीहरुको मतदान, लगानी, वैदेशिक रोजगार लगायतका विषय छलफल ।
- १४ जुन २०२२ का दिन प्रतिनिधि मंडल सहित पुर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष श्री केपी शर्मा ओलीसंग भेटघाट । मुख्यतया आयोजना हुने सेमिनारका साथै संघका गतिविधिहरुबारे जानकारी ।
- १६ जुन २०२२ का दिन सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा एक दिने सेमिनार सम्पन्न । गैरआवासीय नेपाली नागरिकता, लगानी तथा वैदेशिक रोजगारका विषयमा विभिन्न शत्रहरुको आयोजना ।

- २० जुन २०२२ का दिन आइओएम द्वारा आयोजित IOM's Diaspora Engagement in Development Process" अन्तर्कृया कार्यक्रममा सहभागीता । मुख्यतया प्रवासी कामदारको ज्ञान र सीप बारे छलफल ।
- २२ जुन २०२२ का दिन राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक अध्यक्ष डा महावीर पुनलाई सहयोगको रकम हस्तान्तरण ।
- २२ जुन २०२२ का दिन सामाजिक सुरक्षाकोष संग भौतिक र अनलाईन माध्यमबाट आयोजना भएको बैठकमा सहभागीता । मुख्यतया वैदेशिक रोजगारमा जाने कामदारहरुको सामाजिक सुरक्षा बारे छलफल ।
- २२ जुन २०२२ का दिन बरिष्ठ चिकित्सक तथा Kathmandu Institute of Child Health का संस्थापक डा भगवान कोईराला वीच भेटघाट । मुख्यतया बालबालिकाको स्वास्थ्य सम्बन्धमा सहकार्य गर्ने सम्बन्धमा छलफल ।
- २३ जुन २०२२ का दिन प्रतिनिध मंडल सहित काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह संग भेटघाट । मुख्यतया महानगरमा निर्माण गरिने शौचालयका साथै सरोकारका विषयमा छलफल ।
- २६ जुन २०२२ का दिन तेश्रो आइएस बैठक सम्पन्न । मुख्यतया सम्पन्न भएको सेमिनार लगायतका विषयमा छलफल ।
- एनसिसि युएसएको ११औं साधारणसभा तथा विज्ञ सम्मेलनमा सहभागीता ।
- ११ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित संविधान सभाका अध्यक्ष माननीय सुवास चन्द्र नेम्वाङ संग भेटघाट गर्यो । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- ११ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिना संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- ११ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित गृह सचिव टेक नारायण पाण्डे संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- ११ जुलाई २०२२ का दिन प्रतिनिध मंडल सहित गुठी संस्थानका अध्यक्ष पुण्य प्रसाद भुसाल र पशुपति विकास कोष क्षेत्रका सदस्य सचिव डा मिलन थापा संग भेट घाट । मुख्यतया पशुपति क्षेत्रमा निर्माण गरिने बृद्धाश्रमको जग्गा बारे छलफल ।
- १२ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित पूर्व प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १२ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित कानुन न्याय तथा संसदीय मामिला मन्त्री गोविन्द प्रसाद शर्मा संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १२ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलि संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १२ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित पूर्व प्रधानमन्त्री तथा नेकपा नेकपा एकिकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १३ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित परराष्ट्र मन्त्री डा नारायण खड्का संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।

- १३ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित सम्माननीय प्रधानमन्त्री शेरवहादुर देउवा संग भेटघाट मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १३ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित गृह मन्त्री बालकृष्ण खाँड संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १३ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित नेपाल सरकारका मुख्य सचिव शंकर दास वैरा संग भेटघाट । मुख्यतया प्रतिनिधि सभामा पेश हुन लागेको गैरआवासीय नेपाली नागरिकता विधेयक बारे छलफल ।
- १५ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित माननी संस्कृति तथा पर्यटन मन्त्री जीवनराम श्रेष्ठ संग भेटघाट । मुख्यतया पशुपति क्षेत्रमा निर्माण गरिने बृद्धाश्रम लगायत पर्यटनको समृद्धी बारे छलफल ।
- १७ जुलाई २०२२ का दिन एनआरएनए शंखमुल पार्कमा सरसफाई कार्यक्रममा सहभागीता ।
- १८ जुलाई २०२२ का दिन प्रतिनिधि मंडल सहित श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरवहादुर कुँवर संग भेटघाट । मुख्यतया वैदेशिक रोजगार, सामाजिक सुरक्षा कोष, एशिया प्रशान्त क्षेत्रिय भेला लगायतका विषयमा छलफल ।
- १९ जुलाई २०२२ का दिन निर्वाचन आयोगद्वारा आयोजना गरिएको छलफल कार्यक्रममा सहभागीता । मुख्यतया विदेशमा बस्ने नेपाली नागरिकहरुको मताधिकार बारे छलफल ।
- २१ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघको आयोजनामा आज ललितपूरस्थित होटेल हिमालयनमा “वैदेशिक रोजगार, सामाजिक सुरक्षा, लगानी तथा निक्षेप” विषयक एक दिने कार्यशाला सम्पन्न ।
- सन् २४ जुलाई २०२२ आईतबारका दिन गैरआवासीय नेपाली संघको सचिवालयमा बागलुंगका मिर्गौला रोगबाट पिडित श्री मान बहादुर थापालाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् सेसल्सद्वारा प्रदान गरिएको सहयोग रकम हस्तातरण ।
- सन् २४ जुलाई २०२२ आईतबारका दिन नेपाल उद्योग परिसंघको १९औ साधारसभामा सहभागीता ।
- ६ अगष्ट २०२२ का दिन शंखमुल पार्क सरसफाइको लागि आधुनिक घास काट्ने मेशिन र रुख झार काट्ने मेसिन वडा नम्बर ९ का वडा अध्यक्षलाई हस्तान्तरण ।

**<u>मुख्य तश्विरहरुः</u>**












